# जातीय समता र विविधता सम्बन्धी कथन

Verisk मा हामी हाम्रो विश्वव्यापी समुदायको प्रतिनिधित्व गर्ने र विविध प्रकारका दृष्टिकोणहरूलाई नवप्रवर्तन र उत्कृष्टताका वाहकको रूपमा महत्त्व दिइने कार्यस्थल निर्माण गर्न प्रतिबद्ध छौँ । One Verisk को रूपमा, हामी समावेशीकरण र संलग्नताको संस्कृति निर्माण गर्न निरन्तर प्रयासरत छौँ, जसले हाम्रा कर्मचारीहरूको विविध प्रकारका आवाजहरूलाई प्रोत्साहन, समर्थन र सम्मान गर्दछ र हामीले सेवा प्रदान गर्ने ग्राहक तथा समुदायहरूसँग गहिरो, दिगो सम्बन्ध निर्माण गर्दछ । हामी आफूलाई इरादा, उद्देश्य र प्रामाणिकता सहित कार्य गर्न र यस प्रतिबद्धतालाई टेवा प्रदान गर्न अर्थपूर्ण कार्य गर्नका लागि जिम्मेवार बनाउँछौँ ।

संसारभरि हुने अन्याय र असमानताहरूले हामीलाई आफू बसोबास गर्ने र काम गर्ने सबै समुदाय र राष्ट्रहरूमा जातीय विभेद र पूर्वाग्रहको बारेमा आवाज उठाउनुपर्ने अपरिहार्यताको स्मरण गराउँछ । जात, जाति, लिङ्ग, यौनिक झुकाव, पहिचान र आस्थाहरूको आधारमा व्यक्तिगत प्राप्तिमा आउने बाधाहरूलाई सामना गरी पार गरिनुपर्दछ ।

हामी हाम्रा कर्मचारीहरूमा भएका जात, जातीय, राष्ट्रिय मूल, लिङ्ग, उमेर, पारिवारिक वा वैवाहिक स्थिति, लैङ्गिक पहिचान वा अभिव्यक्ति, शारीरिक तथा मानसिक क्षमता, धर्म, यौनिक झुकाव, सामाजिक-आर्थिक स्थिति, भूपू सैनिकको स्थिति र हाम्रा कर्मचारीहरूलाई अद्वितीय बनाउने अन्य सबै विशेषताहरू लगायत विभिन्न प्रकारका भिन्नताहरूलाई स्वीकार गर्दै प्रोत्साहित गर्दछौँ ।

**हामीमा कुनै पनि प्रकारको जातिवादमा शून्य सहनशीलता छ ।**

हामी समावेशी कार्य वातावरण सिर्जना गर्ने प्रयास गर्दछौँ, हामी विविध पहिचान, अनुभव र दृष्टिकोणको कदर गर्दछौँ र हामी हाम्रा टोलीका सदस्यहरूको सफलतालाई टेवा प्रदान गर्न एकजुट भएर काम गर्दछौँ ।हामी निम्नानुसार कार्य गर्ने हाम्रो जिम्मेवारीलाई पनि स्वीकार गर्दै आत्मसात गर्दछौँ:




हामी कर्मचारी छनोट; जनशक्ति विकास र व्यवस्थापन; क्षतिपूर्ति र लाभहरू; पदोन्नति; आन्तरिक गतिशीलता; कर्मचारी विभाजन; कर्मचारी सञ्जालहरू सम्बन्धी हाम्रा अभ्यास र नीतिहरू र D&I को परिसरमा निर्मित निम्न कुराहरू प्रोत्साहित,

लागू र प्रवर्द्धन गर्ने समावेशी कार्य वातावरणको निरन्तर विकास मार्फत सबैलाई समान अवसर प्रदान गरेर, कर्मचारीको विविधता र कम्पनीमा समावेशीतालाई महत्त्व दिने संस्कृतिको विकास गर्ने लक्ष्य राख्दछौँ:

- विश्वव्यापी मानसिकता स्थापित गर्न अन्तर-सांस्कृतिक क्षमताहरू ।
- कर्मचारीहरू बिच सम्मानजनक सञ्चार/संवाद तथा सहयोग ।
- सबै समूह र कर्मचारीको दृष्टिकोणको प्रतिनिधित्वलाई अनुमति प्रदान गर्दै टोली कार्य र कर्मचारी सहभागिता ।
- कर्मचारीहरूको भिन्न-भिन्न आवश्यकताहरू समायोजन गर्न लचिलो कार्य तालिकाहरू मार्फत कार्य/जीवनयापन सन्तुलन ।
- हाम्रो विश्वव्यापी जनशक्ति र हामीले सेवा प्रदान गर्ने विश्वव्यापी बजारको मागहरूका विविध भिन्नताहरूका लागि ठूलो समझदारी र सम्मानलाई बढावा दिन हामीले सेवा गर्ने समुदायहरूमा योगदानहरू ।
- संलग्नता, निष्पक्षता र भेदभाव र समान अवसरहरू प्रति निर्देशित लगायत सबै प्रचलित कानुन तथा नियमहरूमा अनुपालन

जातीय समानता र विविधता सम्बन्धी यो कथन **Verisk को यस आचार संहिता र नैतिकता** बमोजिम छ: https://www.verisk.com/siteassets/media/corporate-social-responsibility/downloads/verisk-code-of-business-conduct-and-ethics.pdf र ***नोभेम्बर 8, 2022*** देखि Verisk को सञ्चालक समितिले पारित गरी लागू गरेको छ । यो कथन कम्पनीको मुख्य वेबसाइट www.verisk.com मा प्रकाशित हुने छ ।



Lee Shavel (ली शाभेल)

प्रमुख कार्यकारी अधिकृत, सदस्य सञ्चालक समिति



Bruce Hansen (ब्रुस ह्यान्सन)

अध्यक्ष, सञ्चालक समिति